Waling Multiple Campus Journal
Vol. 2, No. 1: 159-169, May, 2026
Research Management Cell (RMC),
Waling Syangja, Nepal

# हिमालयतिर हेर कवितासङ्ग्रहमा प्रगतिवादी चेतना

**सहायक प्राध्यापक श्यामप्रसाद ढुङ्गाना**
नेपाली विषय विभाग वालिङ बहुमुखी क्याम्पस
shyamdhungana053@gmail.com

**लेखसार**

*कवि राजेन्द्र पौडेलको प्रगतिवादी कवि हुन् । उनले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर तह पूरा गरेका छन् । उनको कलम कविता र निबन्धमा चलेको छ । उनका फुटकर कविता र निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यो अनुसन्धानात्मक लेख कवि राजेन्द्र पौडेलको 'हिमालयतिर हेर' कवितासङ्ग्रह (२०६५) मा प्रगतिवादी चेतनासँग सम्बन्धित छ । यस लेखको मुख्य ध्येय प्रगतिवादी दृष्टिकोणबाट हिमालयतिर हेर कवितासङ्ग्रहका कविताहरूको विश्लेषण गर्नु हो । यस कृतिमा समेटिएका कविताहरूमा प्रतीकात्मक शैलीमा समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, हत्याहिंसाजस्ता सामाजिक विकृतिहरूप्रति रोष प्रकट गरिएको पाइन्छ । यस अनुसन्धान मुख्यतः पुस्तकालयीय अध्ययन पद्धतिलाई आधार मानी तयार पारिएको यस खोजकार्यबाट कवि राजेन्द्र पौडेल र उनको हिमालयतिर हेर कवितासङ्ग्रहलाई प्रगतिवादी चश्माले हेर्न चाहने अध्यताहरू लाभान्वित हुने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जीः** क्रान्ति, जनयुद्ध, सर्वहारा, सशस्त्र, सामन्तवाद

## उद्देश्य

यस लेखको उद्देश्य कवि राजेन्द्र पौडेलको 'हिमालयतिर हेर' (२०६५) कवितासङ्ग्रहमा प्रगतिवादी चेतना कसरी व्यक्त भएको छ ? भन्ने पक्षको विश्लेषण गर्नु रहेको छ ।

## समस्या कथन

राजेन्द्र पौडेल नेपाली साहित्यका क्षेत्रमा उदीयमान् प्रगतिवादी कवि हुन् । उनको कवितासङ्ग्रह 'हिमालयतिर हेर' (२०६५) का बारेमा खासै उल्लेख्य अध्ययन हुन सकेको छैन । नेपाली प्रगतिवादी कविताका क्षेत्रमा लागेका पौडेलका सन्दर्भमा खोज तथा अनुसन्धान गरी तिनको साहित्यिक योगदानका बारे नेपाली अध्येताहरूलाई जानकारी दिनु आवश्यक भएको अवस्थामा प्रस्तुत अध्ययन

गरिएको हो । यस अध्ययन कार्यमा निम्नानुसारका समस्याहरू उठान गरिएको छ :

- कवि राजेन्द्र पौडेलको कवित्व कस्तो छ ?
- हिमालयतिर हेर कवितासङ्ग्रहमा के-कसरी प्रगतिवादी स्वर प्रस्तुत भएको छ ?

**अध्ययन विधि**

प्रस्तुत अनुसन्धानात्मक लेख पुस्तकालयीय अध्ययनमार्फत सामग्री सङ्कलन गरी तिनको अध्ययन तथा विश्लेषण गरेर तयार पारिएको हो । साहित्यिक, समालोचनात्मक तथा खोजकार्य मूलतः पुस्तकालयीय अध्ययनमा केन्द्रित हुने हुँदा यसमा पनि पुस्तकालयीय अध्ययन पद्धतिका साथै विश्लेषणात्मक र विवेचनात्मक विधिको समेत यथोचित उपयोग गरिएको छ ।

**प्रगतिवादको सामान्य परिचय**

अङ्ग्रेजी भाषामा 'प्रोग्रेसिभिज्म' भनेर चिनिने प्रगतिवादले उन्नति, अग्रगति वा विकास भन्ने बुझाए पनि यसको सामान्य अर्थ समाज, साहित्य आदिलाई उत्तरोत्तर अगाडि बढाउँदै लैजानमा नै हित मान्ने सिद्धान्त हो (प्रधान, २०६८:३२८) । राष्ट्रिय जीवनका साथै अन्तर्राष्ट्रिय गतिविधिमा समेत सचेत रही विश्वका दलित - पीडित र शोषित वर्गका पक्षमा बोल्नु पनि यसको स्वभाव हो । (पराजुली, २०५३:३१०) । समाजमा व्याप्त हत्या, हिंसा, वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक आदि अनेक भेद र यी भेदले सर्वहारा वर्गमा पारेको अस्थिरताका विरुद्ध कलम चलाउने साहित्यिक मान्यतालाई नै प्रगतिवाद मान्न सकिन्छ । यसले कला कलाका लागि नभएर कला जीवनका लागि हुनुपर्छ भन्ने मान्यता राख्दै शान्तिका निम्ति क्रान्ति र निर्माणका निम्ति सङ्घर्ष गर्नुपर्छ भन्ने विचारलाई अघि सार्दछ । प्रगतिवादले मार्क्सवादलाई नै आफ्नो दार्शनिक धरातल बनाएको र त्यस दर्शन अनुरूप मानव समाजको इतिहास वर्ग सङ्घर्षयुक्त भएको तथा त्यस वर्गसङ्घर्षमा सर्वहारा वर्गको पक्ष लिने, शोषण, उत्पीडन, दमन, अन्याय - अत्याचारका विरुद्ध विद्रोह र क्रान्तिको आह्वान गर्ने साहित्यलाई नै प्रगतिवादीको संज्ञा दिएको पाइन्छ (भण्डारी, २०५४: १३) । प्रगतिवादीहरू मार्क्सवादी जीवनदर्शनकै आधारमा वर्गीकृत संवेदना निर्माण गर्न चाहन्छन् । उनीहरू मूलतः कवितामा यथार्थ, वस्तुवादी र आलोचनात्मक दृष्टिकोणसहित प्रस्तुत हुन्छन् र मार्क्सवादी जीवनदर्शन वा विश्वदृष्टिकोणलाई कलात्मकता प्रदान गर्न चाहन्छन् । यसै अर्थमा नै उनीहरू बिम्बालङ्कारको प्रयोग गर्न चाहन्छन् तर बिम्बालङ्कारको रूढिवादी पद्धतिप्रति उनीहरूको असहमति भने छँदै छ (तिमल्सेना, २०६४ : ११४) । प्रगतिवादले मार्क्सवादलाई नै आफ्नो दार्शनिक धरातल बनाएको र त्यस दर्शनअनुरूप मानव समाजको इतिहास वर्गसङ्घर्षयुक्त भएको तथा त्यस वर्ग सङ्घर्षमा सर्वहारा वर्गको पक्ष लिने शोषण, उत्पीडन- दमन, अन्याय, अत्याचारका विरुद्ध र क्रान्तिको आह्वान् गर्ने साहित्यलाई नै प्रगतिवादी संज्ञा दिइएको पाइन्छ (भण्डारी, २०५४ : १३) । यसरी प्रगतिवादले

मार्क्सवादी, भौतिकवादी दर्शनलाई आत्मसात् गरी कुनै पनि समाजमा रहेका विकृति-विसङ्गति, अन्याय, अत्याचार, शोषण-दमनका विरुद्ध आवाज उठाउने र त्यस समाजलाई प्रगतिशील मार्गमा डोऱ्याउने मार्गचित्र प्रस्तुत गर्दछ ।

माथिको चर्चाबाट कुनै पनि साहित्य सामाजिक सुधारतर्फ परिलक्षित हुनुपर्दछ । त्यसमा सामाजिकताको सर्वोपरि स्थान सुरक्षित रहनुपर्दछ । अर्को अर्थमा बुझ्दा वस्तुगत सत्यका रूपमा रहेका आर्थिक विषमता, असमानता, अन्याय-अत्याचार, थिचोमिचो आदिलाई हटाई आर्थिक समानता, वर्गीय समानता, साझा अधिकार, न्याय, सदाचार आदिका पक्षमा विशेष चासो राख्ने साहित्यिक मान्यता प्रगतिवादी मान्यता हो । सामन्त पूँजीवादको विरोधी साहित्य तथा विचारधारा हो भन्न सकिन्छ । यही विचारधारको मर्मअनुरूप साहित्य रचना गर्ने वा व्याख्या विश्लेषण गर्ने वाद नै प्रगतिवाद हो भन्ने कुरा निष्कर्षित हुन्छ ।

**विषय प्रवेश**

धनकुमारी पौडेल र बुद्धिनाथ पौडेलका पुत्र राजेन्द्र पौडेलको जन्म २०३३ पौष ७ गते भएको हो । सिद्ध प्रा.वि. सुर्के मैदान र जनज्योति मा.वि. कालिकाबाट विद्यालय शिक्षा पूरा गरी पृथ्वीनारायण क्याम्पस र त्रि.वि. केन्द्रीय क्याम्पस कीर्तिपुरबाट उच्च शिक्षा प्राप्त गरेका उनले अङ्ग्रेजी विषयमा स्नातकोत्तर (एम्.ए.) सम्मको अध्ययन गरेका छन् । साथीहरूको सङ्गतमा साहित्य सृजनापट्टि आकृष्ट भएका राजेन्द्र पौडेलको पहिलो प्रकाशित कविता "मेरा कलमका निबहरू" (२०५६) हो । जुन नेपाल समाचारपत्रको सौगात पत्रिकामा प्रकाशित छ (राजेन्द्र पौडेलसँगको साक्षात्कारबाट प्राप्त जानकारी) । उनको 'हिमालयतिर हेर' कवितासङ्ग्रह (२०६५) एक मात्र प्रकाशित कृति हो । साहित्य शृङ्खला, पोखरामा आबद्ध भई यसैको छत्रछायाँमा रही साहित्य सृजनामा अगाडि बढेका पौडेल गण्डकी साहित्य सङ्गम, प्रगतिशील लेखक सङ्घ, विजय ढकाल शहीद स्मृति प्रतिष्ठान, मार्क्सवादी अध्ययन स्रोतकेन्द्रमा आबद्ध छन् । निकोलाई आस्त्रोभस्कीको अग्निदीक्षा उपन्यासबाट प्रभावित पौडेल प्रगतिवादी साहित्य सृजनामा लागेका स्रष्टा हुन् । उनी एक आशा लाग्दो प्रगतिवादी प्रतिभाका रूपमा देखा परेका छन् (पंज्ञानी, २०६७ : ३४५) । राजेन्द्र पौडेलको एक मात्र प्रकाशित कृति हो **हिमालयतिर हेर** (२०६५) कवितासङ्ग्रह । जनयुद्धको पृष्ठभूमिमा विरचित यस कवितासङ्ग्रहका कविताहरू जनयुद्ध र यसकै सेरोफेरोलाई विषयवस्तु बनाएर रचिएका छन् । नेकपा माओवादीद्वारा सञ्चालित दश वर्षे सशस्त्र आन्दोलनलाई जनताको युद्धका रूपमा यस कवितासङ्ग्रहमा प्रस्तुत गरिएको छ । आलोचनात्मक यथार्थवादी कोणबाट नियाल्दै दुःखद् अनुभूतिहरू, पीडाबोध, समाजको कुरूपता, सामाजिक वस्तुस्थितिलाई यहाँका कवितामा प्रस्तुत गरिएको छ । मुक्त लयमा संरचित लामा छोटा गरी ४४ वटा गद्य कविताहरू सङ्गृहीत यस सङ्ग्रहको आवरण विश्वराज पराजुलीद्वारा तयार पारिएको हो । हिमालय अफसेट प्रेसमा मुद्रण गरिएको यस सङ्ग्रहमा भूमिका युगपाठकले

लेखेका छन् भने यसको लम्बाइ ८० पृष्ठसम्म तन्किएको छ । साहित्य शृङ्खला, पोखराद्वारा सञ्चालित साहित्यिक ढिकुटीको पहिलो चरणको १४ औँ कृतिका रूपमा रहेको यो कवितासङ्ग्रह मानवमुक्तिका निम्ति आफ्नो प्राणोत्सर्ग गर्ने सहिदहरूप्रति समर्पित छ ।

**'हिमालतिर हेर' कवितासङ्ग्रहको प्रगतिवादी कोणबाट विश्लेषण**

जनयुद्ध र सर्वहाराको आन्दोलनप्रति स्नेह, आस्था र विश्वास प्रकट गरिएको **"हिमालयतिर हेर"** कवितासङ्ग्रहमा कवि राजेन्द्र पौडेल प्रगतिवादी चेतनालाई प्रखर रूपमा प्रस्तुत गर्दछन् । प्रस्तुत सङ्ग्रहका प्रायः कविताहरू प्रगतिवादी चेतनाले युक्त छन् । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये 'हिमालयतिर हेर', 'हर्कुलसको घोषणा', 'प्रेमपत्र', 'बाढीलाई वरण गरेको समय', 'यो कविता', 'तिमी अब के गर्छौ ?', 'तिमी के भन्छौ ?' 'म उसको विरुद्ध लेख्छु', 'तिम्रो तरबार र मेरो कलम', 'उसले ठिकै गर्‍यो', 'सन्तबहादुरको दलिल', 'आमालाई चिठी', 'मेरी नजन्मेकी छोरी', 'साहिँलीप्रति', 'मेरा कलमका निबहरू', 'मेचीपारिको आवाज', 'यसपालिको जाडोमा', 'वैध/अवैध', 'हिमालमुनिको गाउँमा', 'पर्खाल ढल्दै छ', 'क्युरियो पसल', 'मेरो सलाम', 'माछापुच्छ्रे', 'शुभकामना', 'एउटा शोकधुन : इच्छुकको सम्झनामा', 'छापामार', 'उसको पीडा र मेरो अनुभूति', 'भोकको बिहानी', 'उसको सुताइ', 'अलबिदा' शीर्षकका कविताहरू प्रगतिवादी चेतनाका दृष्टिले उल्लेख्य देखिन्छन् । यहाँ यिनै कविताहरूको क्रमशः विश्लेषण गरिन्छ ।

**'हिमालयतिर हेर'** कवितामा नेपालमा सामन्तवादको अन्त्य गर्दै सर्वहाराको राज्यसत्ता स्थापना हुन लागेको भाव प्रस्तुत गरिएको छ । नेपालमा भएको सर्वहाराको क्रान्तिलाई विश्वका असङ्ख्य मुक्तिकामी जनताहरूले आशादीपको रूपमा नियालीरहेको विचार यहाँ व्यक्त छ । यसैगरी हिमालयतिर हेर शीर्षकको दोस्रो कवितामा सामन्तवादको अन्त्यका लागि निडरतापूर्वक लाग्नुपर्ने सन्देश नेपालबाट सिक्न विश्वलाई आग्रह गरिएको छ ।

सामन्तवादी शोषण र दमनका विरुद्ध आवाज उठाइएको 'हर्कुलसको घोषणा' कवितामा एउटा क्रान्तियोद्धाले सामन्तलाई शोषण नगर्न चेतावनी दिएको भाव व्यक्त छ । यसरी सामन्तवादको विरोध गरिएको प्रस्तुत कविता प्रगतिवादी दृष्टिले उल्लेख्य देखा पर्दछ ।

'प्रेम पत्र' शीर्षक रहेका छुट्टा छुट्टै चार वटा कवितामा एउटा प्रेमीले क्रान्तियुद्धमा होमिएकी आफ्नी प्रेयसीलाई सामन्तहरूको विरुद्धमा युद्ध लड्दै गरेको कल्पना यहाँ गरेको छ । सामन्तहरूसँग युद्ध लड्न हिँडेकी एउटी प्रेयसीलाई पहाड र बादलको लुकामारी देख्दा सम्झिएको कुरा यहाँ यसरी प्रस्तुत गर्दछन् :

हरेक दिन, जब
सेता कुहिरोको परतभित्र

कुशल छापामारहरू जस्तै यी डाँडाहरू
कहिले देखिने र कहिले लुक्ने गर्छन्
म तिमीलाई सम्झन्छु । (पौडेल, २०६५ : ८)

प्रेमी आफ्नी प्रेयसीलाई युद्धमैदानमा आस्थाको सातु विश्वासको पसिनाले भिजाएर भोक मेटाउन दुस्मनले पिछा गरेको समयमा चुहिने छाप्रोभित्र सुटुक्क भित्र पस्न, मानव मुक्तिको शपथ पूरा गर्न यात्रा जारी राख्न, युद्धभूमिमा आपत परे प्रेमीलाई सम्झन आग्रह गर्दछ । यसरी प्रेमपत्र शीर्षकका कविताहरूमा समाजवादको स्थापना गर्नका लागि सङ्घर्षरत योद्धाहरूप्रति सहानुभूति र प्रेम व्यक्त गरिएको हुँदा यहाँ प्रगतिवादको स्पष्ट छाप परेको छ ।

क्रान्तिको आह्वान गरिएको "बाढीलाई वरण गरिएको समय" शीर्षक कविता प्रतीकात्मक शैलीमा लेखिएको कविता हो । यहाँ बाढी र आगोलाई क्रान्तिका रूपमा उभ्याएर सर्वहाराले गरेको खेती खान पल्केका सलहरूपी सामन्तहरूलाई डढाउन, मान्छेलाई मान्छे बन्न नदिने गन्धे सिनोरूपी शोषकलाई मिल्काउन बाढी आउनुपर्ने, श्रमजीवीहरू भोकै मर्नुपर्ने नियतीको अन्त्य गर्न आँधी आउनु पर्ने भाव यहाँ व्यक्त छ । आँधी, बाढी र आगोरूपी क्रान्तिले सामन्त, शोषकहरूका सम्पूर्ण कर्तुतहरूलाई नष्ट गर्न आह्वान गरिएको प्रस्तुत कविता प्रगतिवादी दृष्टिकोणले नियाल्दा एक उत्कृष्ट प्रगतिवादी कविताका रूपमा देखा पर्दछ ।

'यो कविता' शीर्षकको कवितामा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, गोकुल जोशी, कृष्ण सेन इच्छुक र पूर्णविराम आदि कविहरूले नेपाली प्रगतिवादी आन्दोलनमा पुऱ्याएको योगदानको स्मरण गरिएको छ । यसरी कविहरूको सर्वहारा वर्गले गर्ने क्रान्तिप्रतिको आस्था यहाँ प्रकट गरिएको छ । कवि आफू पनि अग्रज कविहरूको बाटो पछ्याउने उद्घोष गरेका छन् । यहाँ इतिहासप्रति आस्था व्यक्त गर्दै सर्वहारा वर्गप्रति, क्रान्तिप्रति विश्वास व्यक्त गरिएको छ । त्यसैले प्रस्तुत कविता उत्कृष्ट प्रगतिवादी कविता हो ।

"तिमी अब के गर्छौ ?" कवितामा सामन्तवादको पृष्ठपोषक राजतन्त्र ढाल्नु पर्ने सन्देश दिइएको छ । सामन्तवादको अन्त्यका निम्ति आवाज उठाइएको हुँदा यहाँ प्रगतिवादी चिन्तन समेटिएको छ ।

"तिमी के भन्छौ ?" कवितामा प्रश्नात्मक शैली अवलम्बन गरिएको छ । सामन्तवादको पक्ष पोषण गर्नेहरूलाई सर्वहाराको पक्षमा लाग्न आग्रह गरिएको छ ।

"म उसको विरुद्ध लेख्छु" कवितामा सर्वहाराले गरेको आन्दोलन, न्यायपूर्ण आन्दोलन र उनीहरूका आवाजमाथि तानाशाहीले प्रतिबन्ध लगाएको कुरा प्रस्तुत गरिएको छ । सर्वहाराद्वारा गरिएको क्रान्तिमा सामन्तका निषेधले कुनै प्रभाव पार्न नसक्ने बरु सर्वहाराहरू सामन्तको नीति, नियम, विधान विरुद्ध उभिने विचार व्यक्त गरिएको छ । यसरी सामन्तको विरोध गरिएको प्रस्तुत कविता प्रगतिवादी चेतनाले भरिएको छ ।

“तिम्रो तरबार र मेरो कलम” कवितामा सामन्तको बर्बरतापूर्ण दमनलाई कुनै प्रबाह नगरी जनवादी लेखकहरू सामन्तवादको विरोध र सर्वहाराको समर्थनमा कलम चलाई रहने छन् भन्ने भाव व्यक्त गरिएको छ । नेपालका सामन्तहरूले मच्चाएका मानवता विरोधी कुकृत्यहरू पर्दाफास गरिदिने, उनीहरूको धाक धम्कीबाट आफू त्रसित नहुने भाव यहाँ प्रस्तुत गरिएको छ । यसरी सर्वहाराको पक्षमा साहित्य रचिनु पर्ने भाव व्यक्त गरिएको प्रस्तुत कविता एक उत्कृष्ट प्रगतिवादी कविता हो ।

“उसले ठिकै गऱ्यो“ कवितामा नेपाली जनतालाई दुःख दिने सामन्तवादी राजतन्त्रको विरोध गरिएको छ । यहाँ सामन्तवादी राजतन्त्रलाई सम्बोधन गर्दै तृतीय पुरुषको सर्वनाम ऊ अर्थात् क्रान्तिकारीले सामन्तको कर्तुतको भण्डाफोर गरेर केही गल्ती नगरेको कुरा व्यक्त गरिएको छ । जस्तै :

तिम्रा बैगुनले आजित भएर उसले
तिमीलाई मुर्दावाद भन्यो त के बिरायो ?
रातका विरुद्ध जूनकिरीले
शरीरमा आगो सल्कायो त
के भयो ठीकै भयो । (पौडेल, २०६५ : २८)

यसैगरी सामन्तको गोलामा सर्वहाराहरूले कुनै कमिकमजोरी नगरेको बरु आफ्नै अधिकार प्राप्त गर्नका लागि सङ्घर्ष गरेको कुरा यहाँ प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत कवितामा सामन्तवादको विरोध र सर्वहारालाई सामन्तका विरुद्ध सङ्घर्ष गर्न आग्रह गरिएको प्रस्तुत कविता प्रगतिवादी कविता हो ।

“सन्तबहादुरको दलिल” शीर्षकको कवितामा राष्ट्रियताको स्वर अभिव्यक्त छ । यहाँ सर्वहारा कृषक पनि देश र समाजका लागि अहोरात्र श्रम गरिरहेको हुँदा ऊ पनि देशभक्त भएको, उसले पनि राष्ट्रनिर्माणमा योगदान दिएको भाव यहाँ अभिव्यक्त छ । यसरी सर्वहारा कृषकको राष्ट्रनिर्माणमा भूमिका हुने विचार प्रस्तुत गरिएको प्रस्तुत कविता प्रगतिवादी कविता हो ।

‘आमालाई चिठी’ कवितामा क्रान्तिकारीको युद्धप्रतिको लगाब प्रस्तुत छ । यहाँ एउटा योद्धा आफू निरङ्कुशताको बुटले किल्चिएकी, दासताका जनजिरले जेलिएकी, गरिबीको भयानक पहाडले थिचिएकी, आफ्नो सपनाको सुन्दर फूल सजाइराखेकी आमालाई भेट्न शोषणका पर्खालहरू, दासताका जञ्जिरहरू भत्काएर रातो झन्डा फहराउँदै विजयनारा घन्काउँदै आउने कुरा प्रस्तुत गरिएको छ । यदि त्यो लाममा आफूलाई नदेखे रक्तरञ्जित झन्डामा हेर्न आग्रह गरिएको छ । यसरी क्रान्तिप्रति पूर्ण विश्वास र आस्था प्रस्तुत कवितामा प्रकट गरिएको छ ।

“मेरी नजन्मेकी छोरी” शीर्षक कविता क्रान्तिको आह्वान गरिएको प्रतीकात्मक कविता हो । यहाँ कविले निकट भविष्यमा हुन लागेको क्रान्तिलाई नजन्मेकी छोरीका रूपमा प्रस्तुत गरेका छन् । यहाँ

जन्मिएका थुप्रै छोराहरूले खेत जोत्ने हलीहरूको, श्रमजीवी मजदुरहरूको, दलितहरूको, अन्यायमा परेका चेलीहरूको र सामन्तहरूले युद्धमा होमेका सिपाहीहरूको दुःख कष्टलाई निवारण गर्न नसकेको इतिहासलाई प्रस्तुत गरेका छन् । यसैगरी स्त्री अवतारमा आएका भृकुटी, सीता, दुर्गा र कालीले पनि समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचारको अन्त्य गर्न नसकेको हुँदा सर्वहारा वर्गको घरमा गास, बास, कपास र शिक्षाको उज्यालो लिएर आउन क्रान्तिलाई आग्रह गरिएको छ । यसरी धार्मिक अवतारप्रति अविश्वास प्रकट गर्दै सर्वहाराका आधारभूत आवश्यकता पूरा गराउने क्रान्तिको आह्वान गरिएको प्रस्तुत कविता उत्कृष्ट प्रगतिवादी कविता हो ।

'साहिँलीप्रति' कवितामा युद्ध जर्जर बनेको नेपाली समाजको चित्रण गरिएको छ । बाँसुरी बज्ने बार्तलीहरू, मारुनी नाच्ने आँगनहरू सुनसान भएको, अवलाहरूका छातीमा बुट र गोली बर्सिएको, टुहुराहरूको भाग्य लुटिएको, निर्मम युद्धको सन्त्रासमय वातावरणमा एउटी प्रियसीसँग प्रेमालाप गरेर रमाउन नसक्ने कुरा यहाँ व्यक्त गर्दछन् । कवि यी सबै बर्बरतापूर्ण दमन, हत्या र आतङ्कबाट समाजलाई मुक्त गर्न वर्गीय आन्दोलनमा लाग्ने अठोट व्यक्त गर्दछन् । यसरी वर्गीय एकता र वर्गसङ्घर्षका लागि आह्वान गरिएको प्रस्तुत कविता उत्कृष्ट प्रगतिवादी कविता हो ।

"मेरा कलमका निबहरू" कवितामा अझै पनि क्रान्ति पूर्ण नभएको हुँदा क्रान्तिमा निरन्तर लागिरहने अठोट व्यक्त छ । कवि आफ्नो शक्तिशाली कलमका निबद्वारा सामन्तहरूका अवरोधहरूलाई छिचोल्दै क्रान्तिरूपी सूर्यलाई निम्त्याएर उज्यालोरूपी साम्यवादसम्म पुग्न चाहन्छन् । रगतका आहालमा पौडी खेल्न, गोली पिउन परे पनि आफू निर्भीकताका साथ कलम चलाइरहने अठोट यहाँ व्यक्त छ । यसरी क्रान्तिप्रति आस्था र विश्वास प्रकट गरिएको प्रस्तुत कविता प्रगतिवादी दृष्टिकोणले उल्लेख्य छ ।

"अब मेरो पालो" कवितामा सर्वहरालाई सामन्तवादी शासकहरूले गरेको दमन अन्त्य गरी सर्वहाराको राज्यसत्ता स्थापनाका निम्ति लाग्ने अठोट व्यक्त गरिएको छ । सामन्तहरूले जति नै दमन गरे तापनि कानुन, जेल, पुलिसजस्ता हत्कण्ठा अपनाएर दमनको चक्रव्यूह खडा गरे तापनि आफू ती सबै पर्खालहरूलाई चिरेर अघि बढ्ने भाव व्यक्त छ । सर्वहाराको क्रान्ति सफल भएपछि उनीहरूले जस्तो दमन नगरेर न्यायपूर्ण र समानतापूर्ण राज्यव्यवस्था स्थापना गर्ने कुरा यहाँ व्यक्त छ । जस्तै :

> अब म पनि एक पटक
> उसलाई गोली ठोक्न चाहन्छु
> तर म
> उसले रगत ओकलेकामा
> फेरि गोली ठोक्दिन (पौडेल, २०६५ : ४६)

यसरी सामन्तवादको अन्त्य र सर्वहाराको राज्यसत्ता स्थापना गरी न्यायपूर्ण समाजको परिकल्पना गरिएको प्रस्तुत कविता प्रगतिवादी कोणबाट केलाउँदा प्रगतिवादी सिद्धान्त अनुकूल देखिन्छ ।

"मेचीपारिको आवाज" कवितामा विस्तारवाद र सामन्तवादको विरोध गरिएको छ । वर्गीय असमानताले निम्त्याएको शोषणको विरोध गर्दै वर्गीय समानताको खोजी यहाँ कवि पौडेलले गरेका छन् । श्रमजीवीहरू आफ्नो श्रमको प्रतिफल नपाएर अभावमा भौँतारिनु पर्ने, कोही काम नगरीकन ऐस आरामपूर्ण जिन्दगी बिताइरहने असमान समाजलाई परिवर्तन गर्ने उद्घोष यहाँ गरिएको छ । यसरी वर्गीय समानताको खोजी गरिएको यस कवितामा प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएको छ ।

'यसपालिको जाडामा' कवितामा सामन्तवादविरुद्ध सर्वहाराहरूले आन्दोलन सुरु गरेको कुरा वर्णन गरिएको छ । कवि यहाँ सर्वहाराका लागि गुमाउन केही पनि नभएको तर जित्नका लागि संसार रहेको विचार व्यक्त गर्दछन् । उनीहरू मृत्युलाई जितेर अघि बढ्ने कुरा प्रस्तुत गर्दछन् ।

शोषित, पीडित, सर्वहारा वर्गले आफूमाथि लादिएको दमनको चक्रलाई विरोध गर्दै क्रान्तिमा लामबद्ध भएको घटना वर्णन गरिएको छ 'वैध/अवैध' कवितामा । श्रमजीवी किसानले कठोर परिश्रमका साथ उत्पादन गरेको अन्नले सामन्तको भकारी भरिँदा त्यसको विरोध गर्दा अपराधी ठहऱ्याउने कानुन सर्वहाराका निम्ति मान्य नभएको, बैँसको ऊर्जा सँगालेर आपसको सहबासबाट राष्ट्रलाई मुक्ति दिलाउने सन्तान जन्माउन खोज्दा अपराध हुने, देश र जनताका निम्ति रगत बगाउँदा आतङ्क ठहरिने, श्रमको मूल्य नपाइने व्यवस्थाका विरुद्धमा सर्वहाराहरू एकताबद्ध भएर सङ्घर्ष गर्नुपर्ने भाव यहाँ व्यक्त छ ।

"हिमालमुनिको गाउँमा" कवितामा नेपाली राजनीतिक वृत्तको चित्रण गरिएको छ । यहाँ सहरभरि कर्फ्यु लगाएर सडकमा प्रजातन्त्रको भजन गाइरहेको सामन्तवादी सत्ता विरुद्ध गाउँतिर वर्ग सङ्घर्षको घण्टी बजिरहेको, मुखिया शासनको घाउमा बारुद कुटेर मलम लगाइएको, सहरमा मृत राजाको शासन चलिरहेका बेला गाउँमा जनगणतन्त्रको नारा घन्किरहेको, सामन्तको पाउमा दाम चढाउँदै सर्वहाराका नेता भन्नेहरू दरबार धाइरहेका बेला गाउँ जुनी कम्युनको सत्ता हाँकिरहेको विचार यहाँ व्यक्त छ । नेपालमा सहर र गाउँमा पृथक् पृथक् शासनहरू चलिरहेको द्वैत शासनको अवस्थालाई यहाँ चित्रण गरिएको छ ।

'पर्खा ढल्दै छ' कविता प्रतीकात्मक शैलीमा लेखिएको प्रगतिवादी कविता हो । यहाँ पर्खाललाई सामन्तवादी राजतन्त्रका रूपमा उभ्याएर सर्वसाधारण जनतालाई सामन्तवादी राजतन्त्रको पक्ष पोषण नगर्न आग्रह गरिएको छ । सामन्तवादको पक्ष पोषण गर्दा सर्वहाराको अस्तित्व सङ्कटमा पर्ने कुरा कवि पौडेल यसरी व्यक्त गर्दछन् :

> यत्रो घामपानी सहनुभयो
> अब त कति छ र !
> साँच्ची दाइ
> मायाले भन्दै छु
> यो ढल्नै आँटेको पर्खालको ओत नलाग्नोस्
> पर्खालसँगै जीवन नढलोस् है (पौडेल, २०६५ : ५४)

यसरी प्रस्तुत कवितामा सामन्तवादको पक्ष पोषण नगर्न आग्रह गरिएको छ ।

‘क्युरियो पसल’ शीर्षकको कवितामा सामन्तवादको संरक्षण गर्न विदेशी शक्तिहरू नेपालमा क्रियाशील रहेको, यिनै शक्तिहरू र सामन्तहरूले सर्वहाराको क्रान्तिलाई अगाडि बढ्न  नदिएको यथार्थ प्रस्तुत गरिएको छ ।

‘घाम हाम्रो हो’ शीर्षकको कविता प्रतीकात्मक शैलीमा लेखिएको कविता हो । यस कवितामा क्रान्तिको लक्ष्य प्राप्तिको सुनिश्चितता व्यक्त गरिएको छ । यहाँ घामलाई क्रान्ति तथा विजयका प्रतीकका रूपमा उभ्याएर घाम सम्पूर्ण न्यायप्रेमी सर्वहाराहरूको भएको विचार प्रकट गरिएको छ ।

‘मेरो सलाम’ कवितामा सर्वहारा जनताको हितमा दासता विरुद्ध क्रान्ति गर्नेहरूप्रति श्रद्धाभाव प्रकट गरिएको छ ।

सामन्तवादको विरोध गरिएको ‘माछापुछ्रे’ कवितामा सामन्तवादी व्यवस्थामा छाडा यौन व्यवहार मौलाएको, नारीहरूलाई सामान्य वस्तुसरह मोलतोल र किनबेच गरिएका यी सबै छाडा यौन व्यवहार माछापच्छ्रेलाई मन नपरेको भाव व्यक्त छ । यसरी प्रस्तुत कवितामा प्रगतिवादी यौन मान्यता प्रस्तुत भएको छ । यहाँ यौन मानवीय आवश्यकता भए पनि यो छाडा र व्यापारको वस्तु हुनु हुँदैन भन्ने मार्क्सवादी चिन्तन प्रस्तुत छ ।

व्यङ्ग्यात्मक शैलीमा लेखिएको ‘शुभकामना’ कवितामा सामन्तवादका नाइके राजालाई चेतावनी दिइएको छ । जनताको क्रान्तिप्रति अटेर गरेर नबस्न कवि राजालाई आग्रह गर्दछन् । उनी जनताको क्रान्तिप्रति नजर अन्दाज गर्दा देश छाडेर भाग्नुपर्ने, काटिएर मर्नु पर्ने अवस्था आउने हुँदा स्वप्नबाट व्युँझेर जनताका अगाडि झुक्न कवि राजालाई आग्रह गर्दछन् । यसरी प्रस्तुत कवितामा सामन्तवादी राजतन्त्रको विरोध गरिएको छ ।

“एउटा शोक धुन : इच्छुकको सम्झनामा” शीर्षकको कवितामा सर्वहारा वर्गको हितमा कलम चलाउने कलमजीवी कवि तथा पत्रकार कृष्ण सेन इच्छुकको स्मरण गरिएको छ । सामन्तहरूले कठोर यातना दिए पनि उनी सर्वहाराको पक्षमा अडिक रहेको, मृत्युपछि पनि धप्प धप्प बलिरहेको, बरु उसको प्राण लिनेहरू थरथरी काँपिरहेको यथार्थ यहाँ चित्रण गरिएको छ । सर्वहारा वर्गप्रतिको युद्धमा लामबद्ध भएर जीवन अर्पण गर्ने सहिदप्रति श्रद्धाभाव व्यक्त गरिएको प्रस्तुत कविता प्रगतिवादी चिन्तनले युक्त छ ।

‘छापामार’ कवितामा जनमुक्तिका लागि सङ्घर्षरत क्रान्तिकारीहरूको गुणगान गाइएको छ । छापामार हरूलाई दमन गरेर यातना दिएर निराश पार्न नसकिने बरु उल्टै दमनको प्रतिरोध गर्ने यथार्थ यहाँ प्रकट छ । ऊ आफ्नो उद्देश्य पूर्तिका निम्ति कठोर सङ्घर्ष गर्न तत्पर, निर्भीक स्वाभिमानी रहेको कुरा कवि यसरी प्रकट गर्दछन् :

सतिसाल हो सतिसाल
कमजोर सिमलको रूख हैन
ऊ वर्षात्, ऊ बिजुली, ऊ झञ्जावात्
कतै फूल कोमल छ, ऊ कतै कठोर चट्टान
जनसमरको भट्टीमा तातेको
रातो तातो फलाम हो ऊ
जनमुक्तिका लागि लडिरहेको
यस शदीको एउटा छापामार हो ऊ (पौडेल, २०६५ : ६८) ।

"उसको पीडा र मेरो अनुभूति" कवितामा राज्यआतङ्कको चित्र उतारिएको छ । यहाँ राज्यपक्षबाट गरिएको दमन, हत्या, बेपत्ताजस्ता अमानवीय व्यवहारबाट विक्षिप्त महिलाको व्यथालाई प्रस्तुत गरिएको छ । यसरी यहाँ राज्यआतङ्कबाट बँच्नका लागि सामन्तवादी राज्यसत्ताप्रति विद्रोह गर्नुपर्ने विचार प्रस्तुत छ ।

'भोकको बिहानी' शीर्षकको कवितामा सामन्तवादी राज्य व्यवस्थाले निम्त्याएको पीडा चित्रित छ । यहाँ सुनौलो भविष्य बोकेर जन्मिएको बालक अवसरको असमान वितरणका कारण एक छाक भात जुटाउनका लागि सङ्घर्ष गर्नुपरेको यथार्थ प्रस्तुत छ ।

'ऊ' सर्वनामद्वारा सामन्तलाई सम्बोधन गरिएको 'उसको सुताइ' कवितामा सामन्तको विलासपूर्ण जीवनको चित्र उतारिएको छ । श्रमजीवीहरू स्याखु ओढेर धान रोपिरहेका बेला सामन्त अबेरसम्म सुतिरहेको, तुसारामा घुम ओडेर श्रमजीवीहरू धान उठाइरहेका बेला उज्यालो नभएको बहानामा सामन्त बिहान अबेरसम्म सुतिरहेको, काम नगर्दैमा उसको गुजारा चल्न छोड्ने अवस्था नभएको हुँदा आरामपूर्वक सामन्त पल्टिरहने, ऊ सुतीसुती जिन्दगी बिताउने कुरा यहाँ प्रस्तुत गरिएको छ । श्रमजीवीहरूले श्रम गरेर उत्पादन गरेको वस्तु सामन्तहरूले सुतीसुती हत्याउने सामन्तवादी समाजको सामाजिक यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ ।

जनताको मुक्तिका निम्ति लड्दा लड्दै मृत्युवरण गर्न पुगेका योद्धाको सम्झनामा रचिएको 'अलबिदा' कविता प्रगतिवादी चेतनाले युक्त छ । सर्वहाराको मुक्तिका निम्ति लड्दा लड्दै सहादत प्राप्त क्रान्तियोद्धाप्रति यहाँ आस्थाभाव प्रकट गरिएको छ ।

**निष्कर्ष**

'हिमालयतिर हेर' कवितासङ्ग्रहमा सामन्तवाद, साम्राज्यवाद, विस्तारवादप्रति तीव्र आक्रोश प्रकट गर्दै राष्ट्रियता, समतामूलक समाज स्थापनाका निम्ति क्रान्तिको आह्वान गरिएको छ । यहाँका कविताहरू प्रतीकात्मक शैलीमा समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, हत्या, हिंसाजस्ता सामाजिक

विकृतिप्रति रोष प्रकट गर्दै अन्याय अत्याचारमुक्त समतामूलक समाजका पक्षमा उभिएका छन् । यसरी प्रगतिवादी चेतना सशक्त रूपमा अभिव्यक्त गरिएको भए तापनि वैचारिक स्पष्टता र भाव संयोजनका दृष्टिले केही कविताहरू फितला देखिन्छन् । एउटै भावको पुनरुक्तिले केही कवितालाई दुर्बल बनाएको छ । बिम्ब, प्रतीक प्रयोगका दृष्टिले यहाँका कविताहरू निकै सशक्त देखिन्छन् । अतः प्रगतिवादी चेतनाका दृष्टिले प्रस्तुत कवितासङ्ग्रह उल्लेख्य देखा पर्दछ ।

**सन्दर्भसामग्री**


अधिकारी, तेजविलास (२०६६). *हिमालयतिर हेर कवितासङ्ग्रहभित्र कवि राजेन्द्रको विचार यात्रा,* अविकल

अधिकारी, धर्मराज (२०६९). *प्रगतिवादी नेपाली साहित्यको परम्परा,* भृकुटी, (पूर्णाङ्क -१५, वैशाख-असार) पृ. २०९-२२० ।

अधिकारी, रविलाल (२०५६). *प्रगतिवादी नेपाली समालोचना.* लेकाली प्रकाशन ।

गोरला, (२०४७). *प्रगतिवादी साहित्यमा यौनसम्बन्ध र सांस्कृतिक चिन्तन ।*

गौतम, देवीप्रसाद (२०४९). *प्रगतिवाद : परम्परा र मान्यता*

चापागाईं, निनु (२०५१). *यथार्थवादी रचना दृष्टि र विवेचना ।*

ढकाल, प्रेमनारायण (२०६३). *नुमराज बरालको माटो र पसिना कवितासङ्ग्रहमा प्रगतिवादी चेतना,* विन्दुवासिनी संस्कृत विद्यापीठ ।

ढुङ्गाना, श्यामप्रसाद (२०६२). *साहित्यकार भेषजराज शर्माको जीवनी व्यक्तित्व र कृतिगत विवरण,* विन्दुवासिनी संस्कृत विद्यापीठ ।

तिमल्सेना, पशुपतिनाथ (२०६४). *प्रगतिवादी कविता मान्यता र प्रवृत्ति,* ओजन बुक्स एन्ड स्टेसनर ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०५३). *नेपाली कविता भाग-४,* साझा प्रकाशन ।

पंज्ञानी, मित्रलाल (२०६७). *कविताजस्तो कविता हिममालयतिर हेर, मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* पृ. ३४५-४९ ।

पराजुली, कृष्णप्रसाद (२०५३). *राम्रो रचना मीठो नेपाली,* सहयोगी प्रेस ।

पौडेल, राजेन्द्र (२०६५). *हिमालयतिर हेर,* साहित्य शृङ्खला ।

पौडेल, हेमनाथ (२०६९). *प्रगतिवादका सन्दर्भमा यथार्थवाद र यसका प्रमुख मोडहरू,* भृकुटी, (पूर्णाङ्क -१५, वैशाख-असार) पृ. ३९०-४०३ ।

भण्डारी, जगदीशचन्द्र (२०५४). *प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास,* त्रि.वि., केन्द्रीय नेपाली विभागमा प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र अन्य (२०५२).शोधविधि, साझा प्रकाशन ।